# ताराखोला गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड (३) संख्या (२) मिति – २०७६।०७।०३

प्रथम पटक संशोधन मिति – २०७८-१०-२५

भाग २

ताराखोला गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम ताराखोला गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत, २०७४ सालको कार्यविधि नं. ८

**कार्यविधिको नाम - सवारी साधन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६**

गाउँपालिकामा प्रयोग हुने सवारी साधनहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरी सवारी साधनहरुको अधिकतम सदुपयोग गर्दै मितव्ययी ढंगले प्रयोग गरी सञ्चालन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि तर्जुमा गरी कार्यन्वयन गरिएको छ ।

### परिच्छेद -१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ –** यो कार्यविधिको नाम "**सवारी साधन सञ्चालन** तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६" रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुने छ ।

## परिच्छेद -२

## परिभाषा र व्याख्या

**३. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा**

(क) "सवारी साधन" भन्नाले गाउँपालिकाको पदाधिकारी वा कर्मचारीहरुले कार्यालयको काममा प्रयोग गर्ने गरी गाउँपालिकाले खरिद गरेको जीप,कार,एम्बुलेन्स, मोटरसाईकल,स्कुटर आदिलाई जनाउने छ ।

(ख) आर्थिक रुपले "विभिन्न वर्ग" भन्नाले गाउँपालिका क्षेत्रमा बसोबास गर्ने आर्थिक दृष्टिले कमजोर भई सवारी साधनको भाडा तिर्न नसक्ने भनी सम्बन्धीत वडा अध्यक्षले सिफारिस गरेको व्यक्तिलाई जनाउने छ ।

## परिच्छेद-३

## सवारी साधनको प्रयोग

**४. सवारी साधनको अभिलेख राख्नुपर्ने –** (१) गाउँपालिकाले खरिद गरेका सवारी साधनहरुको जिन्सी सम्बन्धी अभिलेख राख्नुपर्नेछ ।

(२) सवारी साधन लिने पदाधिकारी वा कर्मचारीले त्यस्तो सवारी साधन प्रशासन शाखा बाट बुझिलिई आफ्नो जिम्मामा राख्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम बुझिएको  सवारी साधन कार्यलयको काम बाहेक अन्यत्र प्रयोग गर्न पाइने छैन अन्यत्र प्रयोग गरेको वा कार्यलयको काममा बाहेक सार्वजनिक विदाको दिनमा प्रयोग गरेको पाइएमा तत्काल फिर्ता गर्न सकिने छ ।

**५. गुडेको अभिलेख राख्नुपर्ने –** (१) सवारी चालकले आफूले प्रयोग गरेको सवारी साधनको अनुसूची –(१) बमोजिमको विवरण भरी राख्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख नराख्ने सवारी चालक वा प्रयोगकर्तालाई इन्धन वा मर्मत खर्च उपलब्ध गराइने छैन ।

(३) सवारी साधन प्रयोग गर्ने पदाधिकारी वा कर्मचारीले ईन्धन माग गर्दा उपदफा (१) बमोजिमको विवरण प्रशासन शाखामा बुझाउनुपर्ने छ ।

## परिच्छेद ४
## इन्धनको प्रयोग

**६. इन्धन खर्च –**(१) गाउँपालिकाले खरिद गरी सञ्चालनमा रहेको सवारी साधन वा कार्यरत कर्मचारीले निजि सवारी साधन प्रयोग गरे बापत देहाय बमोजिमका पदाधिकारी कर्मचारी हरुलाई प्रयोग गर्ने गरी उपलब्ध गराएमा निजहरुको कामको प्रकृति अनुसार मासिक रुपमा अधिकतम देहाय बमोजिम इन्धन उपलब्ध गराइने छ ।

| क्र.स. | पदाधिकारी/कर्मचारी | मोटरसाइकल (मासिक) | जीप कार | इम्बुलेन्स |
|---|---|---|---|---|
| १ | प्रशासनिक कर्मचारी | १५ लिटर (पेट्रोल)<br>१ लिटर मोबिल | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| २ | फिल्डमा खटिने प्राविधिक कर्मचारी | २० लिटर पेट्रोल<br>१ लिटर मोबिल | | |
| ३ | पदाधिकारी | १५ लिटर (पेट्रोल)<br>१ लिटर मोबिल | | |

(२) उपदफा (१) बमोजिम मोटरसाइकल तथा इन्धन प्रयोग गर्ने पदाधिकारीहरुलाई स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची (१) को (७) बमोजिमको यातयात खर्च उपलब्ध गराईने छैन ।

(३) जीप कार लगायत सवारी साधनमा प्रयोग भएको इन्धन गुडेको दुरी तथा अन्य विवरण अनुसूची (१) बमोजिमको ढाँचामा भरी अभिलेख राख्नुपर्नेछ ।

## परिच्छेद ५
## सवारी साधनको मर्मत

**७. स्वीकृति लिनुपर्ने –** (१) कुनै सवारी साधन मर्मत गर्नु परेमा वा त्यसको कुनै पार्टपूर्जा फेर्नु परेमा अनुसूची २ बमोजिमको ढाँचामा कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने छ ।काबु बाहिरको परिस्थितीले पूर्व स्वीकृत लिन नसक्ने अवस्था भएमा बाहेक अन्य अवस्थामा पूर्व स्वकृति नलिई गरिएको मर्मत सम्बन्धी बिलको भुक्तानी गरिने छैन ।

२) सवारी साधनको पार्टपूर्जा फेर्नु परेमा बिग्रिएको पार्टपुर्जा गाउँपालिकामा फिर्ता ल्याउनुपर्ने छ ।

**८. मर्मत सम्बन्धी अभिलेख राख्नुपर्ने** - उपदफा (४) बमोजिम स्वीकृति लिई मर्मत गरिने सवारी साधनको अनुसूची -(३) बमोजिम मर्मत अभिलेख राख्नुपर्ने छ ।

## परिच्छेद ६
## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

**९. अभिलेख राख्नुपर्ने** –(१) एम्बुलेन्स चालकले एम्बुलेन्स सञ्चालन गर्दा अनुसूची –(४) बमोजिमको ढाँचामा अभिलेख राख्नुपर्ने छ ।

(२) एम्बुलेन्स प्रयोग गर्ने व्यक्तिले भाडा भुक्तानी गरेपछि उक्त रकमको बील दिनुपर्ने छ । सो बिलको अभिलेख प्रशासन शाखाले राख्ने छ ।

**१०. भाडादर सम्बन्धी व्यवस्था** –(१) एम्बुलेन्समा देहाय बमोजिम भाडा दर निर्धारण हुने छ ।

| क्र.स. | स्थान | भाडा रु |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्र भित्रका बासिन्दा लाई गाउँपालिका भित्रका स्वास्थ्य संस्था सम्म पुर्याउने | रु ५००।- |
| २ | गाउँपालिका क्षेत्र भित्रका बासिन्दा लाई गल्कोटका स्वास्थ्य संस्थाहरुमा सम्म पुर्याउनु | रु १५००।- |
| ३ | गाउँपालिका क्षेत्र भित्रका बासिन्दा लाई बागलुङका स्वास्थ्य संस्थाहरुमा पुर्याउने | रु २०००।- |
| ४ | गाउँपालिका क्षेत्र भित्रका बासिन्दा लाई पोखरा पुर्याउने | रु ३५००।- |
| ५ | गाउँपालिका क्षेत्र भित्रका बासिन्दा लाई काठमान्डौ  पुर्याउने | रु ६०००।- |

| | | |
|---|---|---|
| ६ | गाउँपालिका क्षेत्र भित्रका बासिन्दा लाई भरतपुर पुर्याउने | रु ४५००।- |

(२) गाउँपालिका का बासिन्दा बाहेक अन्य क्षेत्रका बासिन्दाहरुलाई उपदफा (१) मा उल्लेखित शुल्कमा थप रु ५००।– लाग्ने छ ।

३) देहाय बमोजिमका व्यक्तिहरुलाई जुन सुकै स्वास्थ्य संस्थामा उपचार गर्न लैजादा एम्बुलेन्सको शुल्क लाग्ने छैन ।

(क) गर्भवती महिलालाई  गर्भ सम्बन्धी रोगको कारण गाउँपालिकाको स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भई अन्यत्र लैजानु पर्ने भनी सम्बन्धीत स्वास्थ्य चौकीले सिफारिस गरेमा स्वास्थ्य चौकीले सिफारिस गरेको स्वास्थ्य संस्था सम्म लैजानु पर्ने  गर्भवती महिला ।

(ख) सुत्केरी हुन स्वास्थ्य संस्था पुर्याउनुपर्ने महिला ।

(ग) दुई वर्ष मुनिका बालबालिकालाई गाउँपालिकाको स्वास्थ्य संस्थामा उपचार सम्भव नभई अन्यत्र लैजानु परेमा त्यस्तो स्वास्थ्य संस्थाको सिफारिसमा सिफारिस गरेको स्वास्थ्य संस्था सम्म लैजान निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

४) एम्बुलेन्स प्रयोग गर्ने गाउँपालिका क्षेत्रका बासिन्दाले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा उपचार गराउन सम्भव नभई सो संस्थाले अन्यत्र सिफारिस गरेमा मात्र सो सिफारिसको आधारमा एम्बुलेन्स सेवा प्रदान गरिने छ ।तर बिरामीको अवस्था संवेदनशील रहेको कारण स्वास्थ्य संस्थाको सिफारिस बनाउन सम्भव नभएमा स्वास्थ्य संस्थाको सिफारिस आवश्यक पर्ने छैन ।

## परिच्छेद -७

## एम्बुलेन्स चालक सम्बन्धी व्यवस्था

**११. एम्बुलेन्स चालक रहने –** (१) एम्बुलेन्स सञ्चालन गर्न गाउँपालिकाले करार वा अन्य व्यवस्था द्वारा सवारी चालक भर्ना गर्न सक्ने छ ।

**१२. एम्बुलेन्स चालकले पाउने सुविधा –** एम्बुलेन्स चालकलाई मासिक रु १८०००।– पारिश्रमिक उपलब्ध गराइने छ । साथै एम्बुलेन्स भाडा बाट उठेको रकमको २५% रकम निजको खाजा/खाना खर्च बापत मासिक रुपमा हिसाब गरी एकमुष्ट उपलब्ध गराईने छ ।

**१३.  एम्बुलेन्स चालकको काम, कर्तव्य र अनुशासन सम्बन्धी व्यवस्था ।**

(क) एम्बुलेन्स चालकले जुनसुकै समयमा पनि बिरामीको माग अनुसार बिरामी लाई स्वास्थ्य संस्था पुर्याउनु पर्नेछ ।

(ख) सवारी साधनको संरक्षण एवं सही सदुपयोग गर्नुपर्ने छ ।

ग) बिरामी र निजका आफन्तसंग राम्रो व्यवहार प्रदर्शन गर्नुपर्नेछ ।

(घ) भाडा लिएपछी बील उपलब्ध गराउनु पर्नेछ ।

(ङ) यस कार्यविधिमा लेखिएका चालकले पालना गर्नुपर्ने अन्य नियमहरु पालना गर्नुपर्नेछ ।

(च) बिरामीको आफन्त वा कुरुवा बाहेक बिरामी स्वास्थ्य संस्थामा लै जादा वा फर्किदा अन्य व्यक्ति राख्न पाइने छैन ।

(छ) उल्लेखित नियम उल्लंघन गरेमा चालकलाई भत्ता उपलब्ध नगराउने वा सेवाबाट हटाउन सकिने छ ।

## परिच्छेद – ८
## विविध

**१४. सञ्चितकोषमा दाखिला हुने –** एम्बुलेन्सको भाडाबाट उठेको सम्पूर्ण रकम गाउँपालिकाको मूल सञ्चितकोषमा आम्दानी बाँधिने छ ।

**१५. अमान्य हुने –** यस कार्यविधिको कुनै दफा वा सम्पूर्ण कार्यविधि प्रदेश वा संघीय कानुनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ ।

**१६. कार्यविधि संशोधन –** गाउँकार्यपालिकाले यस कार्यविधिको कुनै दफा वा सम्पूर्ण कार्यविधि संशोधन वा खारेजी गर्न सक्ने छ ।

## अनुसूची १
दफा (५) र दफा (६) को उपदफा (३) संग सम्बन्धीत

ताराखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

अर्गल बागलुङ ।

*सवारी साधनको लगबुक*

| मिति | ठाउँ | | किलोमिटर | | जम्मा कि.मि | पेट्रोल वा डिजल | मोबिल | ग्रीज | सवारीको उद्देश्य विवरण सहित | सवारी चढ्ने पदाधिकारी हरुको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाट | सम्म | देखि | सम्म | | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | |

## अनुसूची २

## दफा (३) संग सम्बन्धीत

ताराखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

अर्गल बागलुङ ।

*मर्मत आदेश*

श्रीमान्

यस कार्यालयको ..........................................................................को मर्मत आवश्यक देखिएकोले सो को अनुमानित लागत उल्लेख गरी पेश गरेको छु । मर्मत आदेश पाउन अनुरोध छ ।

| सि.न. | मर्मत विवरण | अनुमानित लागत | स्वीकृत रकम |
|---|---|---|---|
| | | | |

| ................... | ........................ | .................. |
|---|---|---|
| पेश गर्ने | जिन्सी शाखा | सदर गर्ने |

## अनुसूची ३

## दफा (८) संग सम्बन्धीत

ताराखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्गल बागलुङ ।

## सवारी साधनको मर्मत सम्बन्धी अभिलेख

| क.स. | सवारी साधन नं. | सवारी साधनको नं. | सवारी साधनको नं. | सवारी साधनको नं. | सवारी साधनको नं. | सवारी साधनको नं. | सवारी साधनको नं. | सवारी साधनको नं. | सवारी साधनको नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालकको नाम | | | | | | | | |
| २ | सवारी साधन बुझिलिने चालकको हस्ताक्षर | | | | | | | | |
| ३ | मर्मत मिति | | | | | | | | |
| मर्मत सम्बन्धी विवरण | फेरिएको पार्टपूर्जा विवरण | | | | | | | | |
| | मर्मत मिति | | | | | | | | |
| | फेरिएको पार्टपूर्जा विवरण | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची ९
## दफा (६) संग सम्बन्धीत

**ताराखोला गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**अर्गल बागलुङ**

***एम्बुलेन्सको लगबुक***

| मिति | ठाउँ | | किलोमिटर | | जम्मा कि.मि | पेट्रोल वा डिजल | मोबिल | ग्रीज | बिरामीको बसोबास रहेको ठेगाना | एम्बुलेन्स चढ्ने बिरामी वा आफन्त नाम दस्तखतर सम्पर्क नं. | भाडा रु | भाडा बुझिलिनेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाट | सम्म | देखि | सम्म | | | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| | | | | | | | | | | | | |

आज्ञाले,

नाम – राम प्रसाद शर्मा

खण्ड (३) कात्तिक महिना ०३ गते २०७६ साल संख्या (२)

प्रमुख प्रशासकिय अधिकृत